व्यवस्थापिका-संसद
अर्थ समिति

पूर्व बजेट छलफल

१) पृष्ठभूमि :

व्यवस्थापिका-संसद, अर्थ समितिको मिति २०७२।१२।०३ गते बसेको बैठकले आगामी आर्थिक वर्षमा पेश गरिने बजेटका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (पूर्व बजेट सम्बन्धमा) देशका विभिन्न जिल्लाहरुमा गई सम्बन्धित स्थानका राजनीतिक दलका प्रतिनिधिहरु, सरकारी कार्यालयका प्रमूखहरु, नागरिक समाजका प्रतिनिधिहरु, गैर सरकारी संघ संस्थाका प्रतिनिधिहरु एवं पत्रकारहरु, सहकारी संघ संस्थाका प्रतिनिधिहरु, महिला समूहका प्रतिनिधिहरु लगायत सरोकारवालाहरुसँग छलफल एवं अन्तरक्रिया गरी सो सम्बन्धमा नेपाल सरकार, अर्थ मन्त्रालयमा सुझाव दिनको लागि विभिन्न टोली गठन गरी स्थलगत भ्रमण गर्ने कार्यक्रम तय गरेको थियो ।

सोही कार्यक्रम अनुसार मिति २०७३।०१।१२ गतेदेखि २०७३।०१।१६ गतेसम्म दार्चुला र धनगढी जिल्लाको सदरमुकाममा गई सरोकारवालाहरुसँग पूर्व बजेट सम्बन्धमा छलफल एवं अन्तरक्रिया गर्न अर्थ समितिका देहायका सदस्यहरु सहभागी रहनु भएको थियो :–

१) मा.श्री प्रकाश ज्वाला –सभापति

२) मा.श्री गोपाल दहित – सदस्य

३) मा.श्री पुष्पलता लामा – सदस्य

४) मा.श्री नरबहादुर चन्द –सदस्य

५) मा. श्री मदन कुमारी शाह (गरिमा) –सदस्य

६) मा. श्री सिर्जना तरामु खत्री) –सदस्य

उक्त टोलीमा कार्यक्रम संचालन र व्यवस्थापनको लागि सचिवालयको तर्फबाट समिति सचिवश्री कृष्णहरि खड्का, उपसचिव श्री दिनेश प्रकाश आचार्य र शाखा अधिकृत श्री बबिता मिश्रको सहभागिता रहेको थियो । भ्रमण टोलीले पूर्व बजेट सम्वन्धी कार्यक्रम निम्न अनुसार सम्पन्न गरेको गियो :–

सि .नं.	जिल्ला	स्थान	मिति
१	दार्चुला	सदरमुकाम, खलङ्गा	२०७३/१/१४
२	कैलाली	सदरमुकाम, धनगढी	२०७३/१/१५
३	बर्दिया	बाँसगढी	२०७३/१/१६

कार्यक्रममा भ्रमण टोलीमा सहभागी समितिका सभापति एवं सदस्यहरुवाट पूर्व वजेट कार्यक्रमको औचित्य र उद्देश्यको बारेमा प्रकाश पारी सहभागिहरुलाई ५ समूहमा विभाजन गरी प्रत्येक समूहलाई भिन्दा भिन्दै प्रश्न दिई समितिलाई दिने सुझावको सम्वन्धमा गहन र व्यापक छलफल गर्न लगाई प्रत्येक समूहका एक/एक जना सदस्यहरुवाट प्रस्तुतिकरण समेत गर्न लगाइएको थियो र प्रत्येक समूहमा समितिका सभापति, समितिका सदस्य र कर्मचारीहरु विभक्त भै उक्त कार्यको समन्वय र सहजिकरण गरिएको थियो । ती कार्यक्रमहरुबाट प्राप्त लिखित एवं मौखिक सुझावहरुलाई यस प्रतिवेदनमा समावेश गरिएको छ । समूह विभाजन र प्रत्येक समूहलाई दिइएको प्रश्न निम्न अनुसार रहेको थियो :–

सि.नं	सहभागी समूह	सहभागीहरुलाई दिइएको प्रश्न
(क)	राजनीतिक दलका स्थानीय प्रतिनिधि	१) सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नुपर्ने विषयवस्तुहरु, २) सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नुपर्ने विषयवस्तुहरु ।
(ख)	जिल्ला स्थित सरकारी कार्यालय प्रमुख एवं प्रतिनिधि	१) सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नुपर्ने विषयवस्तुहरु, २) योजना कार्यान्वयन, पूँजीगत खर्च बृद्धि र आर्थिक अनियमितता नियन्त्रणका उपायहरु ।
(ग)	जिल्लास्थित नागरिक समाजका प्रतिनिधिहरु - प्राध्यापक, बुद्धिजीवी, उद्योगी, व्यापारी, महिला	१) सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नुपर्ने विषयवस्तुहरु, २) स्थानीय स्तरमा विकासका सम्भाव्यता, स्थानीय समस्या,

	समूह/सञ्जालका प्रतिनिधी एवं पत्रकार	आवश्यकता र समाधानका उपाय ।
(घ)	जिल्ला विकास समिति तथा नगरपालिका प्रमूख एवं प्रतिनिधीहरु र जि.वि.स., महासंघ, नगरपालिका संघ तथा गाउँ विकास समिति महासंघ र गैर सरकारी संघका प्रतिनिधि	१) सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नुपर्ने विषयवस्तुहरु, २) स्थानीय तहका योजना तर्जुमा सहजीकरण तथा उपयुक्त जनसहभागितालाई प्रभावकारी बनाउने उपायहरु ।
(ङ)	सहकारी संघका प्रतिनिधि	१) सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नुपर्ने विषयवस्तुहरु, २) सहकारी क्षेत्रमा विकासका समस्या र आगामी बजेटमा सम्बोधन गर्नुपर्ने विषयवस्तुहरु ।

२) पूर्व बजेट छलफल एवं अर्न्तक्रियामा उठाइएका प्रमूख विषयहरु :

- महेन्द्रनगरको ब्रम्हदेवदेखि दार्चुला टिंकर सडक निर्माण एवं विस्तारलाई प्राथमिकता दिनु पर्ने ।
- यस क्षेत्रमा रहेका ठूला राष्ट्रिय महत्वका जलविद्युत आयोजनाहरु जस्तै : पञ्चेश्वर बहुउद्देश्यीय, चमेलिया, पश्चिम सेतीलाई प्राथमिकतालाई राखी कार्य सम्पन्न गरिनु पर्ने ।
- सीमाक्षेत्रमा सुरक्षाको नयाँ नीति अवलम्बन गरिनु पर्ने ।
- किसानलाई सहुलियत दरमा ऋणको व्यवस्था गरिनु पर्ने ।

- शैक्षिक बेरोजगारहरुलाई प्रमाण पत्रको आधारमा ऋणको व्यवस्था हुनु पर्ने ।
- स्थानीय स्तरमा उपलब्ध जडिबुटीको संरक्षण, विकास र विस्तार संकलन, प्रशोधन र बजारिकरणको व्यवस्था गरिनु पर्ने ।
- स्वास्थ्य केन्द्रहरुमा उपकरण र जनशक्तिको व्यवस्था गरिनु पर्ने ।
- यस क्षेत्रमा उपलब्ध प्राकृतिक स्रोत साधनलाई अधिकतम प्रयोगमा ल्याउनको लागि उद्योग खोल्नका लागि बजेटको व्यवस्था हुनु पर्ने ।
- मध्य पहाडी लोकमार्गलाई सम्पन्न गर्नको लागि बजेटको व्यवस्था हुनु पर्ने ।
- सामुदायिक विद्यालयको गुणस्तर र उन्नतिको लागि विद्यालय, नक्साङ्कन, मूल्याङ्कन हुनु पर्ने र व्यवसायिक शिक्षामा जोड दिने नीति बनाउनु पर्ने ।
- समयमा नै बजेट निकाशा र अख्तियारीको व्यवस्था गरिनु पर्ने ।
- धनगढी विमानस्थललाई अन्तरराष्ट्रिय स्तरको विमान स्थलको रुपमा स्तरोन्नती गर्नको लागि बजेटको व्यवस्था गरिनु पर्ने ।
- यस क्षेत्रमा मेडिकल कलेजको स्थापना गरिनु पर्ने ।
- हुलाकी राजमार्गलाई सम्पन्न गर्नको लागि बजेटको व्यवस्था गरिनु पर्ने ।
- राष्ट्रिय गौरवको रानी जमरा, कुलरिया सिँचाई आयोजनाको लागि बजेट व्यवस्था गरिनु पर्ने ।
- नदी कटान, नियन्त्रण तथा व्यवस्थापनको लागि बजेट व्यवस्था हुनु पर्ने ।
- राष्ट्रपति चुरे संरक्षण कार्यक्रमका लागि विशेष व्यवस्था गरिनु पर्ने ।
- सात नं प्रदेशमा एउटा आयल निगमको डिपो हुनु पर्ने ।
- थारु संस्कृतिको संरक्षण, संग्रहालय स्थापनाको लागि बजेटको व्यवस्था हुनु पर्ने ।
- क्षेत्रीय आर्युवेद अध्ययन संस्थानको स्थापना गरिनु पर्ने ।
- जलविद्युत आयोजनामा निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गरिनु पर्ने ।
- बजेट विनियोजन सबै प्रदेशलाई समान किसिमले गरिनु पर्ने ।
- प्रदेश नं ७ मा एउटा अन्तराष्ट्रिय स्तरको खेल मैदान बनाउने व्यवस्था गरिनु पर्ने ।
- प्रत्येक जिल्लामा १ वटा राष्ट्रिय स्तरको खेल मैदान बनाउने व्यवस्था गरिनु पर्ने ।
- सात नं. प्रदेशमा एउटा अन्तराष्ट्रिय स्तरको विमानस्थल निर्माणका लागि बजेट व्यवस्था गरिनु पर्ने ।
- कर्मचारीको शिक्षा, स्वास्थ्य, आवास, यातायातको सम्पूर्ण जिम्मा राज्यले लिने र कर्मचारीबाट अधिकतम काम लिने व्यवस्था हुनुपर्ने ।
- जिवन निर्वाह गर्न पुग्नेगरी तलब लगायतका सुविधाको व्यवस्था गरिनु पर्ने ।
- कृषकहरुलाई सहुलियत ऋण र अनुदानको व्यवस्था गरी बाख्रा पालन, कुखुरा पालन, माछा पालन, फलफुल, मलखाद, बिउ बिजन मनर्य गर्न उत्पेरित गरिनु पर्ने ।

३) दार्चुला जिल्लाबाट प्राप्त लिखित सुझावहरु :

(क) राजनीतिक दलका स्थानीय प्रतिनिधिबाट प्राप्त सुझावहरु :

(विषय :सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नुपर्ने विषयवस्तुहरु)

- त्रिदेशीय सिमानाको नाका खोली अन्तराष्ट्रिय स्तरको भन्सार स्थापना गरी, सडक चाँडो विस्तार गर्ने र सो सडक निर्माणको जिम्मा नेपाली सेनालाई दिनुपर्ने ।
- देनलाखार खण्डलाई टिंकर खलंगासम्म विस्तार गर्ने ।
- महेन्द्रनगर ब्रहमदेव जोड्ने सडक विस्तार गर्ने ।
- खलंगा अपी, मानसरोवर पदमार्ग निर्माण गर्ने ।
- ब्रहमदह रानीकोट गुटु तातोपानी तिर्थस्थलहरुमा पर्यटन सडक निर्माण गर्ने ।
- परिवगर घुषा अपि वेश क्याम्प सकड मार्ग बिस्तार गर्ने ।
- कञ्चनपुरको ब्रहमदेवदेखि दार्चुला टिंकर सडक निर्माणलाई पहिलो प्राथमिकता (P1) मा राख्नु पर्ने ।
- जिल्ला स्वास्थ्य कार्यालय दार्चुलाको भवनका निर्माणका लागि जग्गा खरिद गर्न आवश्यक बजेट व्यवस्था गर्नुपर्ने ।
- जडिबुटी प्रशोधन केन्द्रको स्थापना दार्चुलामा गर्नुपर्ने ।
- माथिल्लो चमेलिया जलविद्युत आयोजना तत्काल निर्माण गर्नुपर्ने ।
- चमेलिया जलविद्युत आयोजनाको निर्माण कार्य तत्काल संचालन गरी सम्पन्न गर्नुपर्ने ।
- राष्ट्रिय विद्युत लाईन प्रशारणलाई जिल्लाभरी विस्तार गर्न बजेट व्यवस्थापन गर्नुपर्ने ।
- गोकुलेश्वर विमान स्थललाई पुन : सुचारु गर्नको लागि बजेटको व्यवस्था गरिनु पर्ने ।
- विषयगत शिक्षक दरबन्दीको व्यवस्थापन गरिनु पर्ने ।
- विकास बजेट अवरुद्ध नहुने गरी नीति निर्माण गर्नुपर्ने ।
- बाढीपिडितहरुलाई सहुलियत दरमा ऋण उपलब्ध गराउने निर्णय कार्यान्वयन गर्नुपर्ने ।
- प्रत्येक गा.वि.स.मा प्रसुती गृह स्थापना गर्नको लागि बजेटको व्यवस्था गरिनु पर्ने ।
- हिकिला धारी पिपलचौरीका लागि खाद्य डिपोको व्यवस्थापन गर्ने ।
- खार र सिप्टीको चुलिगडको टोपरी गाडमा खाद्य डिपोको व्यवस्था गर्नुपर्ने ।
- सरकारले प्रत्येक जिल्लामा एउटा प्राविधिक शिक्षालय स्थापना गर्नुपर्ने ।
- जिल्लाका ११ वटै इलाकामा प्राथमिक स्वास्थ्य केन्द्रको स्थापना गर्नुपर्ने ।
- खेलकूद विकासका लागि खेल मैदान निर्माण र कवड हल निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गर्नु पर्ने ।

- सामाजिक सुरक्षा भत्ता बृद्धि गरिनु पर्ने ।
- जेष्ठ नागरिकको उमेर हद ६० वर्ष गरिनु पर्ने ।
- किसानहरुलाई सहुलियत ऋणको व्यवस्था गर्नुपर्ने ।
- शैक्षिक बेरोजगारहरुलाई प्रमाणपत्रका आधारमा ऋणको व्यवस्था गर्नुपर्ने ।
- एक गाँउ एक सहकारीको व्यवस्था हुनुपर्ने ।
- सात नं. प्रदेशका लागि कम्तीमा २५%बजेट छुट्याइनु पर्ने ।

(विषय:योजना छनौट तथा दिगो विकासका लागि राजनीतिक दलहरुको भूमिका)

- सरकारका शिक्षा, स्वास्थ्य, अर्थ नीति जस्ता केन्द्रीय नीतिहरु स्पष्ट र व्यवहारिक हुनु पर्ने ।
- योजना छनौट र विकास निर्माणमा राजनैतिक दलहरु एकजुट हुनु पर्ने ।
- योजना कार्यान्वयनमा सामुहिक सहकारिता, सहभागिताको आवश्यकता हुनुपर्ने ।
- भ्रष्टाचारीलाई दलले संरक्षण नगरी सामूहिक रुपमा कारवाही गर्ने व्यवस्था हुनुपर्ने ।
- उपभोक्ता समितिको व्यवस्थापनमा राजनैतिक हस्तक्षेप हुनु हुदैन ।
- कालापानी र लिपुलेकसम्म संसदीय समितिको अनुगमन हुनुपर्ने ।
- बजेट निकास छिटो छरितो हुनुपर्ने तथा बजेट निकासाका लागि मन्त्री, सचिव, डिजीको चाकरी गर्नुपर्ने व्यवस्था हटाउनु पर्ने ।
- सात नं. प्रदेशमा एउटा अन्तराष्ट्रिय स्तरको विमानस्थल निर्माणका लागि बजेट व्यवस्था गरिनु पर्ने ।
- सात नं. प्रदेशमा एउटा आयल निगमको डिपो हुनुपर्ने ।
- कर्मचारीको सरुवा कम्तीमा दुइ वर्षसम्म नहुने व्यवस्था गर्नुपर्ने ।
- सुदूर पश्चिम स्तरिय पर्यटन कार्यालयको स्थापना गर्नुपर्ने ।

(ख) जिल्ला स्थित सरकारी कार्यालय प्रमुख एव प्रतिनिधिहरुबाट प्राप्त सुझावहरु :

(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नुपर्ने विषयवस्तुहरु)

कर्मचारी व्यवस्थापन :

- संघीयमा जान छनौटको अवसर दिनुपर्ने । संरचनामा जाँदा कर्मचारीलाई केन्द्रीय/संघीय जान छनौटको अवसर दिनु पर्ने ।
- संघिय संरचनामा जाने कर्मचारीलाई एक तह बृद्धि गरिनु पर्ने ।
- कर्मचारीको शिक्षा, स्वास्थ्य, आवास, यातायातको सम्पूर्ण जिम्मा राज्यले लिने र कर्मचारीबाट अधिकतम काम लिने व्यवस्था हुनुपर्ने ।
- जिवन निर्वाह गर्न पुग्नेगरी तलब लगायतका सुविधाको व्यवस्था गरिनु पर्ने ।
- सरुवा, बढुवा, पदस्थापन वैज्ञानिक र अनुमान योग्य बनाइनु पर्ने ।
- कर्मचारीको सेवा, सुविधा र आवासको न्यायोचित बितरण (समानुपातिक) प्रणालीका व्यवस्था हुनुपर्ने ।
- कामको आधारमा मूल्याङ्कन गरी दण्ड र पुरस्कारको व्यवस्था हुनुपर्ने ।
- राजनीतिबाट मुक्त हुने गरी एउटै Trade Union को नीतिगत व्यस्था हुनुपर्ने ।
- कर्मचारीको नयाँ संरचना (आवश्यकता आधारित सिद्धान्त अनुसार) र कर्मचारीको पदपूर्ति दुर्गम स्थानमा रही काम गर्ने कर्मचारीलाई विशेष सहुलियत व्यवस्था हुनपर्ने ।

सुशासन :

- जवाफदेहिता, उत्तरदायित्व र पारदर्शी प्रशासन संयन्त्रको विकास गर्नुपर्ने ।
- कर्मचारीको मूल्याङ्कन सेवाग्राहीबाट समेत गरिने व्यवस्था हुनु पर्ने ।
- क्षतिपूर्ति सहितको नागरिक वडापत्रको व्यवस्था र कार्यान्वयन हुनुपर्ने ।
- कार्यक्रम संचालनका लागि समयमै बजेटको पर्याप्त व्यवस्था हुनु पर्ने ।
- कर्मचारीलाई IT Oriented र Capable बनाउनु पर्ने ।
- कार्य प्रणाली सूचना प्रविधिको उच्चतम प्रयोग गर्नुपर्ने ।

विकासको अवधारणा :

- दार्चुला- टिंकर सडकलाई राष्ट्रिय प्राथमिकतामा राखी तदारुकताका साथ सम्पन्न गरिनु पर्ने ।
- हिमाल-तराई जोड्ने द्रुत मार्ग निर्माणलाई उच्च प्राथमिकता दिनुपर्ने ।
- Maste Plan बनाई महकाली नदी नियन्त्रणको कार्य गरिनु पर्ने ।
- Land use planning गरी effective implementiaon गरिनु पर्ने ।

- स्थानीय स्तरमा उपलब्ध जडिबुटीको संरक्षण, विकास, विस्तार संकलन र बजारीकरणको व्यवस्था गरिनु पर्ने ।
- वन क्षेत्रको संरक्षण र विकास मार्फत वातावरण संरक्षण र जिविकोपार्जनमा टेवा पुऱ्याउने नीति ल्याउनु पर्ने ।
- जलवायू परिवर्तनलाई आत्मसात गरी वन दशक (०७१-८०) लाई सफल बनाउने ।
- पर्यटन/पर्यापर्यटनको पहिचान, प्रबर्द्धन मार्फत रोजगारीको बृद्धि गरिनु पर्ने ।
- धार्मिक/साँस्कृतिक/ग्रामिण पर्यटनको अवसरको खोजी र प्रबर्द्धन गर्ने ।
- महाकाली लगायत सम्भाव्य जलक्षेत्रबाट पर्याप्त Hydro power Generate गर्ने सम्भावना भएकोले उच्च प्राथमिकता साथ कार्यान्वयनमा जाने ।
- सबै विद्यालयहरु एकिकरण गर्ने र निम्न २ तरिकाबाट संचालन गर्ने ।
    - शिशु कक्षा र आधारभूत शिक्षा स्थानीय सरकारले संचालन गर्नुपर्ने ।
    - कक्षा १-१२ केन्द्रिय सरकारले संचालन गर्नुपर्ने ।
- विद्यालय संख्या न्यून बनाउने र न्यूनतम आधारभूत सुविधाहरु उपलब्ध गराउँदै सबै विद्यालयहरुमा दिवा खाजा अनिवार्य गर्नुपर्ने ।
- शिक्षामा हुने राजनीतिकरणको अन्त्य गरिनु पर्ने ।
- खलंगा बृहत खानेपानीको व्यवस्था गरिनु पर्ने ।
- महाकाली नदीमा Matorabale Bridge को व्यवस्था हुनुपर्ने ।
- स्थानीय वालीनाली र पशु वस्तुको संरक्षण, सामूहिक सुधार र दिगो उपयोगमा जोड दिनुपर्ने ।
- कृषि अनुसन्धान र प्रसारलाई कृषकमुखी एवं ग्रामीण स्तरसम्म पुऱ्याउनु पर्ने ।
- बस्तीमा सडक नभै सडकमा बस्तीको नीति अवलम्बन गरिनु पर्ने ।
- घरेलु उद्योगहरुको आधुनिकीकरण गर्ने व्यवस्था मिलाउनु पर्ने
- बह्देव-पञ्चेश्वर-टिंकर द्रुतमार्ग उच्च प्राथमिकताका साथ सम्पन्न गरिनु पर्ने ।
- तुइनहरुलाई Replace गरी पुलको व्यवस्था गरिनु पर्ने ।
- सिँचाईको Master Plan बनाई साना र मझौला सिचाइमा जोड दिने ,।
- Lift Irrigartion को निर्माण गरिनु पर्ने ।

सुरक्षा प्रबन्ध :

- दार्चुला जिल्ला त्रिदेशीय सिमाना, सिमा विवाद तथा सामाजिक महत्वको जिल्ला भएकाले अर्न्तराष्ट्रिय सिमा क्षेत्रमा आवश्यक भौतिक पूर्वाधार सहितको सुरक्षा फौजको यथोचित तैनाथको व्यवस्था गरिनु पर्ने ।
- भौगोलिक विकटता, छिमेकी देशहरुको सुरक्षा उपस्थिति, जिल्लाको आवश्यकता, Interest समेतलाई ध्यान दिई विद्यमान सिमा सुरक्षाको पूनरावलोकन गरिनु पर्ने ।

- त्रिदेशीय नाका टिंकर लगायत अन्य स्थानमा साधन श्रोत सम्पन्न सुरक्षा फौज र भन्सार नाका खोलिनु पर्ने ।
- सुरक्षा निकायमा सूचना संकलन सम्बन्धी निकाय, विभागलाई भौतिक पूर्वाधार सहितको प्राविधिक साधन श्रोतले सम्पन्न गराउने ।

ग) जिल्लास्थित नागरिक समाजका प्रतिनिधिहरु -प्राध्यापक, बुद्धिजीवी, उद्योगी, व्यापारी, महिला समूह/सञ्जालका प्रतिनिधी एवं पत्रकार समेतबाट प्राप्त सुझावहरु :

(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नुपर्ने विषयवस्तुहरु)

यातायात :

- महाकाली लोकमार्ग र ब्रहमदेव-दार्चुला-टिङ्कर सडक निर्माण एवं विस्तार गरिनु पर्ने ।
- मध्य पहाडी लोकमार्ग निर्माणको निर्माण गरिनु पर्ने ।
- डोटी, बझाङ्ग, अछाम र बैतडीका विमानस्थलहरुलाई सुचारु गर्ने व्यवस्था मिलाउने ।
- तराईदेखि पहाड जोड्ने सडक यातायातको निर्माण गरिनु पर्ने ।
- जलमार्ग निर्माण गरिनु पर्ने ।

शिक्षा :

- शिक्षालाई रोजगारीसँग जोड्ने, प्राविधिक शिक्षामा सबैको पहुँच पुऱ्याउने व्यवस्था मिलाउने ।
- सुदूर पश्चिमको कैलालीमा Medical College खोलिनु पर्ने ।
- बजेटको समान बितरण गरिनु पर्ने ।
- समयमै बजेट निकासा र कार्यान्वयन गरिनु पर्ने ।
- खरिद प्रक्रियालाई सहज बनाउनु पर्ने ।

स्वास्थ्य :

- प्रदेशको केन्द्रमा सुविधा सम्पन्न अस्पताल निर्माण गरिनु पर्ने ।
- गाउँ र नगरमा अस्पताल र स्वास्थ्य केन्द्रहरुको स्थापना व्यवस्था गरिनु पर्ने ।

कृषि :

- कृषकहरुलाई सहुलियत ऋणको व्यवस्था गरिनु पर्ने ।
- कृषकहरुलाई बाखा पालन, कुखुरा पालन, माछा पालन, फलफुल, मलखाद, बिउ बिजन आदिमा अनुदानको व्यवस्था गरिनु पर्ने ।

पर्यटन :

- प्रकृति सम्पदा संरक्षण खप्तड, अपि, शुक्लाफाँटाको संरक्षण गरिनु पर्ने ।
- कालीढुङ्गा घोडाघोडी, ब्रहमदह, वेदकोट, सुर्मा, रानी दह आदिको संरक्षण गरिनु पर्ने ।
- मालिकार्जुन, सिद्धनाथ, शैलेश्वरी, मालिका, उग्रतारा, ब्रहम मन्दिर, दुर्गा मन्दिर आदिको संरक्षण गरिनु पर्ने ।
- व्यास, अपि, नाम्पा, कपिल, सैपाल आदि हिमालहरुलाई पर्यटन स्थलको रुपमा विकास गरिनु पर्ने ।
- यस क्षेत्रमा सांस्कृतिक पर्यटन पबर्द्धनका लागि बजेटको व्यवस्था गरिनु पर्ने ।

जलश्रोत तथा उर्जा :

- यस क्षेत्रका साना तथा ठूला जलविद्युत आयोजनाहरु जस्तै : पञ्चेश्वर बहुउद्देश्यीय, चमेलिया (माथिल्लो), पश्चिमी सेती, कर्णाली जलविद्युत आयोजनाहरुलाई राष्ट्रिय महत्वका साथ प्राथमिकतामा राखी सम्पन्न गरिनु पर्ने ।

खानेपानी :

- जलश्रोतको धनी देशमा खानेपानीको समस्या छ तसर्थ दुरगामी महत्वका खानेपानी परियोजनाहरु संचालन गरिनु पर्ने ।

सिँचाई :

- महाकाली, रानीजमरा कर्णाली सिचाई आयोजनाको निर्माण कार्य सम्पन्न गरिनु पर्ने ।

खेलकूद् :

- प्रदेश नं ७ मा एउटा अन्तराष्ट्रिय स्तरको खेल मैदान बनाउने व्यवस्था गरिनु पर्ने ।
- प्रत्येक जिल्लामा १ वटा राष्ट्रिय स्तरको खेल मैदान बनाउने व्यवस्था गरिनु पर्ने ।

सूचना तथा सञ्चार :

- एफ.एम.रेडियो पत्रपत्रिका, टेलिभिजनका लागि समानुपातिक विज्ञापन प्रणाली अवलम्वन गरिनु पर्ने ।
- सामुदायिक संचार माध्यमहरुको रोयल्टी मिनाहा (एफ.एम.रेडियो) गरिनु पर्ने ।
- इन्टरनेट प्रविधिको विकास र बिस्तारका लागि प्रदेश नं. ७ मा कम्तीमा एउटा IT Park निर्माण र विकास गरिनु पर्ने ।

रोजगारी :

- शैक्षिक बेरोजगारी कम गर्न शैक्षिक प्रमाणपत्र धितो राखी ऋण, अनुदान आदिको व्यवस्था गरिनु पर्ने ।
- स्वरोजगारीको विकास गर्न स्थानीय श्रोत साधनको उपयोगिता बढाउने नीति अवलम्वन गरिनु पर्ने ।

भाषा र संस्कृति :

- प्रदेशको भाषा नीति तय गरिनु पर्ने ।
- संस्कृतिको संरक्षण र प्रबर्द्धनमा जोड दिनुपर्ने ।
- सिमा क्षेत्रमा सुरक्षाको नयाँ नीति अवलम्बन गरिनु पर्ने ।
- महिला, बृद्ध आदिका लागि Safe House सुरक्षित आवासको व्यवस्था गरिनु पर्ने ।
- खानी उत्खननमा (फलाम सिसा, तामा, खरी, सुन) जोड दिनुपर्ने ।
- जडिबुटी उत्पादन, संरक्षण प्रशोधन र बजारीकरणको व्यवस्था गरिनु पर्ने ।

(स्थानीय स्तरमा विकासका सम्भाव्यता, स्थानीय समस्या, आवश्यकता र समाधानका उपाय)

यातायात

- सबै गा.वि.स. जोड्ने गरी सडक निर्माण गरिनु पर्ने ।
- कृषि सडकको स्तरोउन्नती गरिनु पर्ने ।

शिक्षा :

- प्राविधिक शिक्षामा जोड दिनु पर्ने ।
- प्राथमिक शिक्षामा भाषाको छनौटको व्यवस्था गरिनु पर्ने ।

स्वास्थ्य :

- स्वास्थ्य केन्द्रहरुको भौतिक सुविधा र उपयुक्त दरबन्दीको प्रबन्ध गरिनु पर्ने ।

कृषि :

- स्थानीय उत्पादनको उपयोगितामा जोड दिनुपर्ने ।
- एक गाउँ एक उत्पादनलाई प्रोत्साहन गरिनु पर्ने ।

उर्जा :

- जलविद्युत, Bio Gas, वायु उर्जा, सोलार सौर्य उर्जा, ब्रिकेटको उपयोगमा जोड दिनुपर्ने ।

सिँचाई :

- कुलो निर्माणमा जोड दिनु पर्ने ।
- वर्षायामको पानी संकलन गरी उपयोगको व्यवस्था मिलाइनु पर्ने ।

कृषि

- जिल्ला कृषि विकास कार्यालयले अनुसन्धान गरी स्थान सुहाउने कृषि प्रणाली अवलम्वन गरिनु पर्ने ।

खेलकूद्

- जिल्लामा उचित खेलमैदानको व्यवस्था गरिनु पर्ने ।
- दार्चुला सामरिक महत्वका जिल्ला भएकाले दार्चुला विकासको गुरुयोजना निर्माण गरिनु पर्ने ।

(घ) जिल्ला विकास समिति तथा नगरपालिका प्रमूख एवं प्रतिनिधीहरु र जि.वि.स., महासंघ, नगरपालिका संघ तथा गाउँ विकास समिति महासंघ र गैर सरकारी संघका प्रतिनिधीहरुबाट प्राप्त सुझावहरु :

(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नुपर्ने विषयवस्तुहरु)

- बजेटको ४०% रकम मध्य पश्चिम र सुदूर पश्चिम क्षेत्रको लागि विनियोजन गरिनु पर्ने ।
- सुदूर पश्चिम र मध्य पश्चिम हाल Dry Area भएको छ । बजेटमा यसलाई मध्यनजर गरिनु पर्ने ।
- मध्य पश्चिम र सुदूर पश्चिममा कुनै कलकारखाना नभएकोले लम्कीदेखी चौमाका क्षेत्रमा औद्योगिक क्षेत्र स्थापना गरिनु पर्ने ।
- सुन्दर सुदूर पश्चिमाञ्चल (TEA) Turism Electricity Agriculature को सम्भाव्य क्षेत्र भएकाले प्राथमिकतामा पारिनु पर्ने ।
- सुदूर पश्चिम क्षेत्रमा प्राकृतिक रुपमा सिमेन्टको लागि पाइने प्रशस्त कच्चा पदार्थ चुन, ढुङ्गा पाइने भएकाले सिमेन्ट उद्योग स्थापनाको लागि बजेट व्यवस्था गरिनु पर्ने ।
- बिजुलीको Rehave Prgramme बनाई विद्युत नियमित आपूर्तिका साथ साथै प्रणाली सुधार गरिनु पर्ने ।
- खलंगा सडकलाई केन्द्रीय सडक मार्फत संचालन गर्न बजेट व्यवस्थापन गर्नुपर्ने ।
- ब्रहमदेव कन्चनपुर टिंकर दार्चुला सडक विस्तार गर्नुपर्ने ।
- दार्चुला जिल्लाका ३ वटा देशको सिमाना हो । यसैले राष्ट्रियता र सुरक्षाको दृष्टिले सम्वेदनशिलता विचार गरी यहाँका जनातामा राष्ट्रियता सुरक्षामा भूमिका खेल्ने कार्यक्रम संचालनका साथै व्यास गा.वि.स.मा सुरक्षा सेना र सुरक्षा गण स्थापना गरिनु पर्ने । सोही हिसाबले बजेट व्यवस्था गरिनु पर्ने ।
- २०७० सालमा दार्चुलामा आएको विनासकारी बाढी पिडित हरुलाई हाल भूकम्प पीडितलाई दिए सरहको सुविधा दिइनु पर्ने ।
- यस क्षेत्रमा समेत महिला विकासको लागि विशेष खालका कार्यक्रम - लोक सेवा कक्षा संचालन, निशुल्क शिक्षा, जस्ता थप कार्यक्रम संचालन गर्न बजेट व्यवस्था गरिनु पर्ने ।
- यस क्षेत्रमा पाइने प्राकृतिक साधन श्रोतलाई अधिकतम प्रयोगमा ल्याउने खालका उद्योगहरु अल्लो, केतुकी, सिमेन्ट उद्योगहरु संचालन गर्न बजेट व्यवस्था गरिनु पर्ने ।
- सुन्दर सुदूर पश्चिमका विभिन्न प्राकृतिक छटा मानसरोवर, मालिकार्जुन, खप्तड, रारा अवलोकन गर्ने पर्यटन उद्योग, साहसिक पर्यटनका लागि पूर्वाधारहरु, सडक र हवाई मैदान, प्लेन संचालन हुनुको लागि बजेटको व्यवस्था गरिनु पर्ने ।
- स्थानीय निकायको चुनाव अविलम्ब गर्न बजेट व्यवस्था गर्नुपर्ने ।

- साधन श्रोत कम भएका यस पहाडी दुर्गम क्षेत्रमा जि.वि.स., न.पा. र गा.वि.स.हरुलाई विशेष बजेट अनुदानको व्यवस्था गरिनु पर्ने ।
- जि.वि.स. न.पा. र गा.वि.स.लाई IT को पहुँच पुऱ्याई जनतामा छिटो छरितो सेवा सुविधा दिने र स्थानीय निकायको काम कारवाहीलाई पारदर्शी बनाउन बजेट व्यवस्था हुनु पर्ने ।
- दार्चुला जिल्लाको विकासका लागि स्थानीय जडिबुटी, जलश्रोत र पर्यटनमा संचालित योजनालाई प्राथमिकता दिई बजेट व्यवथा गरिनु पर्ने ।
- सार्वजकि खरिद ऐनमा भएको हालको सबैभन्दा घटीलाई ठेक्कापट्टा स्वीकृत गर्ने व्यवस्थालाई सुधार गरिनु पर्ने ।
- उपभोक्ता समिति गठन गर्दा र योजना संचालन गर्दा हाल देखा पर्ने राजनैतिक संलग्नतालाई अन्त्य गरी उपभोक्ताको स्वतन्त्र समिति गठन गरिनु पर्ने नीतिगत व्यवस्था हुनुपर्ने ।
- सुदूर पश्चिम क्षेत्रका ठूला जलविद्युत आयोजनाहरु जस्तै : चमेलिया पश्चिम सेती, पञ्चेश्वर आदिलाई अविलम्व सुरु गरी सम्पन्न गर्न पर्याप्त बजेट व्यवस्था हुनुपर्ने ।
- आजको युग संचारको युग हो । २१सौं शताब्दीमा समेत यस दार्चुलाको विभिन्न गा.वि.स.हरु संचार बिहिन भएकोले (न.पा. वडा ७,८,९ एयरकोर्ट गा.वि.स. सुन्सेरा, धौलाकोट) जस्ता ठाउँमा) संचार सुविधा पुऱ्याउन बजेट व्यवस्था हुनुपर्ने ।
- हर्टिकल्चर र सिकर्मी सम्बन्धी प्राविधिक शिक्षालय सितोला गा.वि.स. जस्ता स्थानमा संचालन गर्न बजेट व्यवस्था गरिनु पर्ने ।
- लघु जलविद्युत जस्तै (सिङ्गि गाड सुन्सेरा) संचालन गरिनु पर्ने ।

(ङ) सहकारी संघका प्रतिनिधिहरुबाट प्राप्त सुझावहरु :

(विषय :सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नुपर्ने विषयवस्तुह):

जलविद्युत सम्बन्धमा

- हाम्रो देशमा जल पर्याप्त भएको अवस्थामा पनि समग्र देशमा विद्युत उत्पादन कम भएको देखिएकोले जलविद्युत आयोजनामा देशको बजेट विनियोजन उचित ढङ्गले हुन पर्ने ।
- पश्चिम सेती जलविद्युत आयोजना पञ्चेश्वर जलविद्युत आयोजना दार्चुलाको चमेलिया जलविद्युत आयोजना वर्षौं देखि निर्माणधिन अवस्थामा रहेकाले तत्काल विद्युत आयोजना सम्पन्न गर्ने बजेटमा व्यवस्था हुनु पर्ने ।

यातायात सम्बन्धमा

- सम्पूर्ण विकासको पूर्वाधार निर्माणको मुख्य पूर्वाधारमा सडक पर्ने भएकोले फास्ट ट्र्याक तवरबाट सडक निर्माण गर्न बजेटमा व्यवस्था गर्नुपर्ने ।
  - मध्य पहाडी लोकमार्ग, महाकाली लोकमार्गको स्तरोन्तीका लागि बजेटमा व्यवस्था गरी नीति बनाउनु पर्ने ।
  - पर्यटन पूर्वाधार अर्न्तगत सडक तथा गोरेटो बाटोको निर्माण गर्नुपर्ने ।

खानेपानी सम्बन्धमा :

- समग्र देशमा पानीको खोलानाला र नदी पर्याप्त भएको तर देशको मुख्य शहर तथा जिल्ला सदरमुकामहरुमा खानेपानीको निकै अभाव छ र गाउँघरमा परम्परागत ढङ्गले पिउने पानी भएको र उक्त पुरानो मूल सुक्दै गएको अवस्था भएकोले आवश्यक नीति बनाउनु आवश्यक ।

कृषि सम्बन्धमा :

- कृषि क्षेत्रको विकासका लागि तपसिलका बुँद्धाहरुमा बजेटको व्यवस्था हुनुपर्ने ।
- तराई तथा मधेश पहाडका उर्वरभूमी बस्तीमा परिणत हुन गइरहेकोले उत्पादन कम हुने देखिएकोले सो सम्बन्धमा भुमी व्यवस्थापन नीति बनाउनु पर्ने ।
- कृषियोग्य भूमिमा सिंचाईको व्यवस्था हुनुपर्ने ।
- परम्परागत खेतीमा सुधार गर्दै आधुनिक खेतीको विकास गर्नुपर्ने ।
- कृषकहरुलाई कृषि क्षेत्रमा काम गर्न उत्साहित हुने खालका कार्यक्रमहरु गर्नुपर्ने ।
- कृषि उत्पादन गर्न अनुदानको व्यवस्था गर्नुपर्ने ।
- उत्पादित वस्तुको सुनिश्चित बजारको व्यवस्था गर्नुपर्ने ।
- कृषिहरुको सचेतनामूलक कार्यक्रम सहभागी गराउन तालिमको अयोजना गर्नुपर्ने ।

शिक्षा सम्बन्धमा :

- व्यवसायिक शिक्षामा जोड दिने नीति बनाउनु पर्ने ।
- सामुदायिक विद्यालयको गुणस्तर उन्नतीको लागि विद्यालय नक्साङ्कन, मूल्याङ्कन र रेखाङ्कन हुनुपर्ने ।

- जुन शीर्षकमा बजेट छुट्याइएको छ सोही शीर्षकमा बजेट खर्च गर्नुपर्ने ।
- विद्यालय खोल्न अनुमति दिएपछि शिक्षक पनि अनिवार्य दिनुपर्ने ।
- सबै विद्यालयमा एकै किसिमको नीति बनाउन पहल गरिनु पर्ने ।
- निशुल्क पाठ्यपुस्तक बितरण, निःशुल्क पठनपाठन सबै जिल्लामा सबै विद्यालयमा हुनुपर्ने ।

स्वास्थ्य सम्बन्धमा :

- स्वास्थ्य संस्थाहरुमा पर्याप्त जनशक्ति र उपकरणको व्यवस्था गरिनु पर्ने ।
- गाउँघरमा रहेका उप स्वास्थ्य चौकी, स्वास्थ्यचौकीहरुलाई व्यस्थित गरिनु पर्ने ।

बजेट कार्यान्वयन सम्बन्धमा :

- प्रथम चौमासिक मै बजेट निकासाको समयमा व्यवस्था गरिनु पर्ने ।
- सम्बन्धित निकाय या क्षेत्रलाई समयमा बजेट प्राप्त गर्न सूचना तथा तालिम एवं अभिमूखीकरण गराउनु पर्ने ।
- गाउँ तथा जिल्ला, नगर स्तरमा जनचेतनामूलक कार्यक्रम ल्याउनुपर्ने र जनता समक्ष बजेट, तथा भावी योजनाको कुरा पुऱ्याउन पर्ने व्यवस्था मिलाउनु पर्ने ।

(सहकारी क्षेत्रमा विकासका समस्या र आगामी बजेटमा सम्बोधन गर्नुपर्ने विषयवस्तुहरु)

- सहकारी क्षेत्रको विकासका लागि समयानुकुल ऐन, नियम तथा कानुन तर्जुमा गर्नुपर्ने ।
    - स्थानीय स्तरमा सहकारी गठन गर्दा भौगोलिक तथा जनसंख्याको आधार र सम्भावना अध्ययन गरेर मात्र संस्था गठन गर्न अनुमति दिने किसिमको नीति बनाउनु पर्ने ।
    - सहकारी संघ संस्थाहरुलाई प्रबर्द्धन गर्न तालिम, गोष्ठि तथा सुझाव सल्लाह नियमित रुपमा प्रदान गर्नुपर्ने ।
    - अनुगमन र नियमन प्रणालीलाई नियमित र व्यवस्थित गर्नुपर्ने ।
    - राम्रा काम गर्नेलाई पुरस्कृत तथा अनुदान दिने व्यवस्था गर्नुपर्ने ।
    - कानुन विपरित काम गर्नेलाई दण्ड तथा जरिवानाको व्यवस्था गर्नुपर्ने ।

कर सम्बन्धमा :

- सहकारी क्षेत्रमा लगाइएको कर अध्ययन गरी उपयुक्त प्रक्रियाबाट निर्धारण गरिनुपर्ने ।

सहकारी क्षेत्रको सहभागिता सम्बन्धमा :

- सम्बन्धित निकाय तथा क्षेत्रमा सरकारद्वारा संचालन गरिने कार्यक्रम तथा नीति निर्माणमा सहकारी संघ/संस्थाहरुको अनिवार्य सहभागिता गरिनु पर्ने ।
- सरकारले संचालन गर्ने विकास तथा क्षमता विकासका कार्यक्रमहरु स्थानीय स्तरमा सम्बन्धित सहकारी संस्थाहरु मार्फत गर्नुपर्ने नीति लागू गरिनु पर्ने ।

सहकारी क्षेत्रको विकासको लागि बजेटमा सम्बोधन हुनुपर्ने विषयहरु :

- सहकारी क्षेत्रको अनुगमन तथा नियमन गर्ने सहकारी विभाग अर्न्तगतका कार्यालयहरु सबै जिल्लामा विस्तार गरिनु पर्ने ।
- सहकारी क्षेत्रको प्रबर्द्धनका लागि तालिम, गोष्ठी, भ्रमणका लागि पर्याप्त बजेट व्यवस्था हुनुपर्ने ।
- अनुदान आवश्यक पर्ने उत्पादनमूलक सहकारीहरुलाई अनुदानको पर्याप्त व्यवस्था गर्नुपर्ने ।
- सानो वर्गदेखि ठूला वर्ग तथा निराक्षर लेखेपढेका सबैको लागि सहकारी शिक्षा दिन उचित बजेटको व्यवस्था गरिनु पर्ने ।
- सहकारी प्रशिक्षण केन्द्रहरुलाई व्यस्थित गर्नुपर्ने ।
- सहकारी शिक्षा प्रदान गर्न आवश्यक जनशक्तिको व्यवस्था गर्न बजेटको व्यवस्था हुनुपर्ने ।
- सहकारी मार्फत आफ्नो पूँजीमा विभिन्न किसिमका सेवामुखी व्यवसाय संचालन गर्न उचित खालको नीति, निर्माणको लागि व्यवस्था गर्नुपर्ने ।

४) कैलाली जिल्लाबाट प्राप्त लिखित सुझावहरु :

(क) राजनीतिक दलका स्थानीय प्रतिनिधीबाट प्राप्त सुझावहरु :

(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नुपर्ने विषयवस्तुहरु)

- धनगढी एयरपोर्टलाई क्षेत्रीय अन्तराष्ट्रिय एयरपोर्ट बनाउन बजेट छुट्याउनु पर्ने ।
- सेती लोकमार्गलाई बजेट थप गर्नुपर्ने ।
- हुलाकी राजमार्ग तुरुन्त पुरा गर्नु पर्ने ।
- कैलालीमा नदी कटान, जनताको तटबन्ध चाहियो ।
- खुटिया-विपी नगर, दिपायल सडक निर्माण ।
- सेज -आर्थिक क्षेत्रको व्यवस्था गरिनु पर्ने ।
- कृषिमा सिँचाईमा किसानलाई सहुलियत ऋणको व्यवस्था होस् ।
- सुक्खा बन्दरगाह भिमदत्तनगर र चैनपुरमा स्थापना गरियोस् ।
- चिस्यान केन्द्र बनाउने ।
- खानी सदुपयोग गरौ ।
- मालपोत कर (सम्पत्ती कर) मा छुट गर्नुपर्ने । सुधार गरियोस् ।
- ६ लेन रोड बनाउनु पर्ने ।
- मेडिकल कलेजको स्थापना गर्नुपर्ने ।
- गेटा अस्पताललाई क्षेत्रीय अस्पतालको रुपमा विकास गर्नुपर्ने ।
- प्रमाणपत्रको आधारमा ऋण (विना धितो) उपलब्ध होस् ।
- उत्तर -दक्षिण नाका व्यवस्थित गर्नुपर्ने ।
- धार्मिक पर्यटनको विकास गरियोस् ।
- थारु संग्रहालय, घोडाघोडी ताल संरक्षणको लागि पहल होस् ।
- धनगढी – कनेरी जाहीपुर, टिकापुर फास्टट्रयाक खोलिनु पर्ने ।
- जडिबुटी कृषिजन्य उद्योगहरु खोलिनु पर्‍यो ।
- कैलाली चुरे संरक्षणका लागि जनतालाई सदुपयोग गरियोस् ।
- प्रदेश स्तर योजना आयोगको निर्माण गरिनु पर्ने ।
- प्रदेश स्तरको गर्भनर – अन्तरिम संसद बनाउनु पर्ने ।
- स्थानीय निकायमा तुरुन्त निर्वाचन गरिनु पर्ने ।
- रंगशाला /सार्वजनिक समारोह स्थलको निर्माण गरिनु पर्ने ।

(योजना छनौट तथा दिगो विकासका लागि राजनीतिक दलहरुको भूमिका)

- स्थानीय स्तरबाट छनौट भएको योजना कार्यान्वयन गर्न सहयोग गर्ने ।
- सबै स्तरको भ्रष्टाचारको न्यूनिकरण गर्न एकजुट हुनपर्ने ।
- संविधान कार्यान्वयन गर्न सबै पार्टीहरु एक भयर अगाडी बढ्ने ।
- संविधान निर्माण प्रक्रियामा असन्तुष्ट दलहरुलाई सहमतिमा ल्याउने ।
- संविधान निर्माण भइसकेको सन्दर्भमा प्रदेश विकासका निम्ती दल एक हुने ।
- भूकम्प पीडितहरुको समस्यालाई ध्यान दिएर पुर्ननिर्माण गर्ने ।
- बजेट निर्माण गर्दा तेरो मेरो नभनी क्षेत्र विकासको निम्ती एक हुने ।
- बजेट कार्यान्वयन कार्यमा सबै कार्यालयलाई सहयोग गर्ने कार्यमा ध्यान दिने ।
- प्रदेश नं ७ को विकासको निम्ति सबैभन्दा बढी बजेट पार्न एक हुनु पर्ने ।

(ख) जिल्ला स्थित सरकारी कार्यालय प्रमुख एव प्रतिनिधिहरुबाट प्राप्त सुझावहरु :

(विषयःसरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नुपर्ने विषयवस्तुहरु):

यातायात क्षेत्र)

- हुलाकी राजमार्गको पूर्णता ।
- सेती लोक मार्गमा बजेट विनियोजन तथा यथाशिघ्र निर्माण ।
- स्याउले, वि.पि.नगर डोटी, अछाम, सडक मार्गमा बजेट विनियोजन हुनु पर्ने ।
- ब्रम्हदेव झुलाघाट हुदै टिकंरसम्मको राजमार्गको सम्भाव्यता अध्ययन हुनु पर्ने ।
- दोधारा चादनी क्षेत्रमा सुक्खा बन्दरगाहा स्थापना गरिनु पर्ने ।
- धार्मिक पर्यटन दर्शन मार्ग निर्माण (गोदावारी हुदै परशुराम क्षेत्र, उग्रतारा, मेलौली, निङ्गलासैनी, त्रिपुरासुन्दरी, डिलासैनी, मल्लिकार्जुन, सुर्मादेवी, खप्तड, बडिमालिका, बर्दादेवी, रामा रोशन, वैधनाथ, शैलेश्वरी, दिल्पेश्वर, वडाकेदार घोडाघोडी, वहेडा बाबा, सिद्धनाथ दर्शन यात्रा निर्माण) ।
- धनगढी विमानस्थललाई अन्तरराष्ट्रिय स्तरको विमानस्थलमा स्तरोन्नती गर्ने ।

जलविद्युत क्षेत्र :

- पश्चिम सेती जलविद्युत आयोजना शुरुवात तथा निर्माण गर्ने ।
- चमेलिया जलविद्युत आयोजना यथाशिघ्र पुरा गर्नुपर्ने ।
- गडीगाड जलविद्युत आयोजना डोटीको सम्भाव्यता अध्ययन गर्ने ।

सिँचाई :

- राष्ट्रिय गौरवको रानी जमरा कुलरीया सिँचाइ आयोजनाका लागि पर्याप्त बजेटको व्यवस्था ।
- महाकाली सिँचाई आयोजना Phase III पर्याप्त बजेटको व्यवस्था ।
- भूमीगत सिँचाई सम्बन्धी आयोजना (स्यालो ट्यूवेल, डिपवोरिङ संचालनको लागि यथेष्ट बजेटको व्यवस्था ।
- नदी कटान, नियन्त्रण तथा व्यवस्थापनको लागि पर्याप्त बजेटको व्यवस्था -महाकाली, मोहना, कान्दु, रंगुन, जमाडी) ।
- राष्ट्रपति चुरे संरक्षण कार्यक्रमका लागि विशेष व्यवस्था/निरन्तरता ।

शिक्षा :

- सुदूर पश्चिम मेडिकल कलेजको लागि यथोचित बजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्ने ।
- सुदूर पश्चिम विश्वविद्यालयको विभिन्न जिल्लामा आंगिक क्याम्पस खोलिनु पर्ने ।
- क्षेत्रीय आयुर्वेद अध्ययन संस्थानको स्थापना गर्नुपर्ने ।
- रोजगारमूलक व्यवसायीक शिक्षामा जोड दिनु पर्ने ।

उद्योग :

- उद्योग करिडोरको स्थापना (गेटा/अत्तरिया/श्रीप्ररको सम्भाव्यता अध्ययन भएको) ।
- फलाम खानी बैतडी पुर्चौकीको सम्भाव्यता अध्ययन हुनुपर्ने ।
- दार्चुला/बैतडी चुनखानीको सम्भाव्यता अध्ययन ।
- जडिबुटी जन्य उद्योगको विकास ।

स्वास्थ्य :

- सेती अञ्चल अस्पताललाई प्रादेशिक स्तरीय स्वास्थ्य प्रतिष्ठानको रुपमा विकास गर्नुपर्ने ।
- डडेल्धुरामा उप-क्षेत्रीय अस्पतालको प्रबर्द्धन गर्नुपर्ने ।

कृषि :

- पशु प्रजनन केन्द्रको स्थापना गर्नुपर्ने ।
- कृषि पकेट क्षेत्रको विकास विस्तार गर्नुपर्ने ।

वन :

- वन क्षेत्र अतिक्रमणलाई रोक्नु पर्ने (बसन्ता संरक्षित वन, लालझाडी मौहना जैविक मार्ग) ।

(योजना कार्यान्वयन, पूँजीगत खर्च बृद्धि र आर्थिक अनियमितता नियन्त्रणका उपायहरु)

- यथासमयमा बजेट आउनु पर्ने ।
- यथा समयमा बजेट स्विकृत हुनुपर्ने ।
- स्विकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी यथा समयमा कार्यान्वयन निकायमा पुग्नु पर्ने ।
- IT Base भएको जनशक्तिको विकास गर्नुपर्ने ।
- सार्वजनिक खरिद ऐन र नियममा समायनुकूल परिमार्जन गर्नुपर्ने
- आधिकारिक ट्रेड यूनियन हुनुपर्ने ।
- मैजुदा जनशक्तिको समयानुकूल पुनरावलोकन हुनुपर्ने
- कार्य सम्पादनको आधारमा सरुवा तथा पदस्थापना हुनुपर्ने ।
- आयोजना छनौट वस्तुनिष्ठ आधारमा हुनुपर्ने ।
- पुरस्कार र दण्डको कार्यान्वयन प्रभावकारी हुनुपर्ने ।
- कर्मचारीमा उत्प्रेरण जगाउन जिवनयापन गर्न पुग्ने खालको भौतिक तथा आर्थिक सुविधा हुनुपर्ने ।
- स्थानीय निकायको निर्वाचन यथाशिघ्र हुनुपर्ने ।
- कर्मचारी तन्त्रमा राजनीतिकरणको अन्त्य हुनुपर्ने ।

ग) : जिल्लास्थित नागरिक समाजका प्रतिनिधीहरु -प्राध्यापक, बुद्धिजीवी, उद्योगी, व्यापारी, महिला समूह/सञ्जालका प्रतिनिधी एवं पत्रकार समेतबाट प्राप्त सुझावहरु :

(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नुपर्ने विषयवस्तुहरु)

- सुशासन र विकासका लागि स्थानीय निकायको निर्वाचन हुनु पर्ने ।
- हुलाकी राजमार्ग र रानी जमरा कुलरिया, सिंचाई मेडिकल कलेज, चमेलिया आयोजना यथाशक्य चाँडो निर्माण सम्पन्न हुनु पर्छ ।
- निर्माणधीन सेती लोकमार्गको निर्माणका लागि पर्याप्त बजेटको व्यवस्था, पर्यटकीय केन्द्रलाई सडक सञ्जालमा जोड्ने व्यवस्था ।
- अव्यवस्थित बस्तीको (मुक्त कमैया शिविर, सुकुम्वासी, बाढी पिडित, हलिया बादी राजी सोनाहा लगायत) एकमुष्ट व्यवस्थापन नीति हुनुपर्ने ।
- औद्योगिक क्षेत्र स्थापना गर्ने र निर्यात नाका खोल्ने (दुबै देश तर्फबाट नाका)
- सकड उद्योगमा सरकारी लगानी र साझेदारी गर्दै सहकारिकरण गरी सञ्चालन गर्ने ।
- उद्योगका लागि आवश्यक उपकरण र सवारी साधन खरीदमा करको दर घटाई उत्पादन र बिक्रि मा कर बढाउने र व्यक्तिको कर योग्य वार्षिक आयको सिलिङ विवहितलाई ६ लाख र अविवाहितलाई ५ लाख निर्धारण हुनु पर्छ ।
- खेतीयोग्य जमीनमा प्लटिङ रोक्ने नगरमा कम्तीमा १ कठ्ठा र गाउँमा कम्तीमा १० कठ्ठा जमीन खरीद बिक्रि गर्न पाउने नीति बनाउनु पर्छ ।
- जलविद्युत आयोजनामा निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्ने ।
- धनगढी विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थलका रुपमा विकास गर्ने र चुरे संरक्षण गर्नुपर्छ ।
- विकासमा राजनीति नगर्ने नीति र कर्मचारीतन्त्रमा राजनीतिकरण गर्न दिनु हुदैन र पार्टीगत ट्रेड यूनियनको सट्टा एउटा मात्रै ट्रेड यूनियनलाई मान्यता दिनु पर्छ ।

(स्थानीय स्तरमा विकासका सम्भाव्यता, स्थानीय समस्या, आवश्यकता र समाधानका उपायहरु)

- पर्यटन, जडिबुटी, जलविद्युतको विकासमा जोड दिने ।
- नदी, कटान, (मोहना, कान्द्रा, खुटिया, पथरैया, कटेनी, रंगुन, पोडा, महाकाली नदी) नियन्त्रण ।
- मुक्त कमैया, हलिया, बाढी पिडित, कम्लहरी, बादी राजीको पुन : स्थापना हुनु पर्छ ।
- जडिबुटी प्रशोधन केन्द्रमा बजेटको व्यवस्था हुनु पर्ने ।
- वैज्ञानिक कृषि प्रणाली, सिंचाई सुविधाको व्यवस्था (रानी, जमरा, जस्ता सिँचाई) ।
- धनगढी उप महानगर र अत्तरिया नगरपालिकालाई जोडेर महानगरपालिका बनाउने र मेघा सिटीका रुपमा विकास गर्नु पर्छ ।

- थारु संग्राहालय र सूचना केन्द्र देउथानको संरक्षण गर्नुपर्छ ।
- वसन्ता जैविक मार्ग व्यवस्थापन हुनुपर्छ ।
- सेती, महकाली, अञ्चल अस्पताल सँगै पहाडी जिल्लाका अस्पतालहरुमा चिकित्सकको व्यवस्था र अन्य सुविधा हुनु पर्छ ।
- कृषि सामाग्रीमा ५०% अनुदान बढाउनु पर्छ ।

(घ) जिल्ला विकास समिति तथा नगरपालिका प्रमूख एवं प्रतिनिधीहरु र जि.वि.स., महासंघ, नगरपालिका संघ तथा गाउँ विकास समिति महासंघ र गैर सरकारी संघका प्रतिनिधीहरु सहकारी संघका प्रतिनिधिहरु महिला समूहहरुबाट प्राप्त सुझावहरु :

- स्थानिय निकायको निर्वाचन हुनु पर्ने ।
- ७ नं. प्रदेशको बजेट कार्यान्वयनको समय असार मसान्त नभई कार्तिक मसान्तसम्म कायम गरिनु पर्ने ।
- स्थानिय निकाय सेवा आयोग गठन र कार्यान्वयन (प्रदेश भित्र सरुवा गर्ने व्यवस्था गरिनुपर्ने)
- स्मार्ट सिटी कम्तीमा एउटा बनाउनु पर्ने ।
- जनसंख्याको अनुपातमा शहरी क्षेत्रमा बजेटमा बृद्धि गरिनु पर्ने ।
- पर्यटन कार्यालय खोलिनु पर्ने र पर्यटनको Hill Station एउटा जति बनाउनु पर्ने ।
- गेटा विमानस्थललाई क्षेत्रिय स्तरको र अन्तराष्ट्रिय स्तरको बनाइनु पर्ने ।
- नेपाल आयल निगमको क्षेत्रिय स्तरको इन्धन भण्डारण केन्द्र स्थापना गर्नुपर्ने ।
- क्षेत्रिय स्तरको बसपार्क निर्माण गरिनु पर्ने ।
- तालतलैयाको स्वामित्य र उपयोगको स्पष्ट नीति निर्माण हुनु पर्ने ।
- धनगढीमा क्रिकेटको क्षेत्रीय रंगशाला निर्माण गरिनुपर्ने ।
- पश्चिम सेती, माथिल्लो कर्णाली, बुढी गंगा जलविद्युत आयोजना समयमानै शुरुवात र चमेलियाबाट छिटो उत्पादन शुरु गर्नुपर्ने ।
- मेडिकल कलेजलाई आवश्यक बजेट व्यवस्था हुनु पर्ने ।
- सुदूर पश्चिम विश्व विद्यालयलाई आवश्यक रकम विनियोजित गरिनुपर्ने ।
- सोनाहा जातीलाई सामाजिक सुरक्षा भत्ता शुरुवात गरिनु पर्ने ।
- मुक्त कमैया, हलिया र कम्लहरीलाई तत्काल पुर्नस्थापना गर्ने र रोजगारीको व्यवस्था गरिनु पर्ने ।
- सुदूर पश्चिमका बाढी पिडित पहिरो पिडितहरुलाई तत्काल पुर्नस्थापना गरिनु पर्ने ।
- सिचाई योजनाहरु तत्काल सम्पन्न गरिनु पर्ने ।
- EIA र IEE लाई सरली कृत गरिनु पर्ने ।
- शहरी बसोबासलाई व्यवस्थित गरिनु पर्ने ।
- भू-उपयोग नीतिलाई कार्यान्वयन गरिनु पर्ने ।
- घटाघट प्रक्रियालाई निश्चित सीमा तोकिनु पर्ने ।
- वैदेशिक रोजगारलाई सुरक्षित र व्यवस्थित गरिनु पर्ने ।
- पहाडी क्षेत्रमा हवाई यातायात सुचारु गरिनु पर्ने ।
- कृषि योग्य जमिनलाई सुरक्षित गरिनु पर्ने ।

- स्थानीय निकायले संकलन गर्ने राजश्वमा अन्य सरकारी कार्यालयले पनि सहयोग गर्नुपर्ने व्यवस्था मिलाउने ।
- भारतमा मौसमी रोजगारमा जाने कामदारको तथ्याङ्क व्यवस्थित गरिनु पर्ने ।
- कृषि ऋणलाई सरल बनाई बिउ बिजनमा अनुदान बढाउने ।
- वैदेशिक रोजगारमा जानेलाई संचारमा छुट दिनु पर्ने ।
- हुलाकी राजमार्गलाई यथाशिघ्र नेपाल सरकारले सम्पन्न गर्नुपर्ने ।
- थारु साँस्कृतिक सग्राहालय र थारु विद्यार्थी छात्रावासको व्यवस्था गर्नुपर्ने ।
- दलित विद्यार्थीलाई छात्रावासको व्यवस्था गरिनु पर्ने ।
- विकास बजेट सिधै गा.वि.स. र न.पा.मा जाने व्यवस्था मिलाउनु पर्ने ।
- लक्षित समूदायमा जाने बजेट लक्षित समुदाय अनुसार अलग अलग विनियोजित हुनुपर्ने ।

(स्थानीय तहका योजना तर्जुमा सहजीकरण तथा उपयुक्त जनसहभागितालाई प्रभावकारी बनाउने उपायहरु)

- परिषदहरुमा महिला सहभागिता/समानुपातिक सहभागिता हुनुपर्ने ।
- योजना तर्जुमा राजनीतिक हस्तक्षेप रोकिनु पर्ने ।
- योजना निर्माण गर्दा प्राथमिकीकरण गरिनु पर्ने ।
- योजना निर्माणको जनसहभागिता सबै चरणहरुमा रहनु पर्ने ।
- प्रत्यक्ष सरोकारवालालाई प्रत्येक चरणहरुमा सहभागी गराउनु पर्ने ।
- उपभोक्तालाई परियोजना व्यवस्थापन खर्चको व्यवस्था गरिनु पर्ने ।
- स्थानिय निकायमा योजना तर्जुमा गर्दा सरकारी तथा गैर सरकारी निकायको समन्वयमा गरिनु पर्ने ।
- बजेट सिलिङको आधारमा योजना छनौट गरिनु पर्ने ।
- स्थानीय निकायबाट पारित योजना बाहेकका योजनालाई बन्द गरिनु पर्ने ।

अन्य सरोकारवालाहरुबाट प्राप्त सुझावहरु

- स्थानीय निकायका कर्मचारीलाई सरुवाको व्यवस्था हुनु पर्छ ।
- स्थानीय निकायको निर्वाचन हुन नसकेमा अविलम्व अन्तरिम संरचनाको व्यवस्था हुनु पर्ने ।
- यार्सागुम्बामा राजस्व बढेको सूचना व्यापारीहरुलाई सम्बन्धित निकायले नदिएकाले वीचको Period को राजश्व मिनाहा हुनुपर्ने ।
- बेरोजगारीलाई हल गर्ने । बेरोजगारी भत्ता प्रमाणपत्रको आधारमा उपलब्ध गराउने ।
- E -Tendar System लागू गर्नु पर्ने ।
- सुदूर पश्चिम सभाबाट पास गरेको २०० वटा दरबन्दी लागू गर्नुपर्ने ।

- मेडिकल कलेज फास्ट बाटो बाट निर्माण गरिनु पर्ने ।
- धनगडीको बाटो व्यवस्थित गर्नुपर्ने ।
- अत्तरिया-धनगढी सडक ६ लेनको बनाउनु पर्ने ।
- कमैयाको समस्या समाधानको लागि पर्याप्त बजेट व्यवस्था होस् ।
- जिल्लालाई अधिकार दिनु पर्ने ।
- सबै प्रदेशलाई बजेट समान किसिमले बितरण गर्नु पर्ने ।
- प्रदेश स्तरको रिङ रोड निर्माण गर्नु पर्ने ।
- बजेट वर्ष वैशाखलाई बनाउनु पर्ने ।
- बजेट समयमा पास हुनु पर्ने ।
- आर्थिक अख्तियारी समयमा हुनु पर्ने ।
- अनावश्यक हस्तक्षेप बन्द गर्नुपर्ने ।
- थारु संग्रहालय निर्माण टिकापुरमा हुनु पर्ने ।
- चिडियाखाना कैलालीमा स्थापना हुनु पर्ने ।
- प्रदेश नं. ७ लाई जडिबुटी प्रशोधन केन्द्रको रुपमा विकास गरियोस ।
- मालपोत कर किसानलाई छूट गर्नुपर्छ ।
- २ मलखाद पानीको व्यवस्था गर्नु पर्छ ।
- बझाङ र चीन जोड्न पर्‍यो ।
- पश्चिम सेती लागू होस् र त्यस क्षेत्रमा प्रभावित गाउँहरुमा विद्युतीकरण होस् र बाटो बनोस् ।

५) बर्दिया जिल्लाको बाँसगढीमा भएको छलफलमा प्राप्त सुझावहरु :

- भूकम्प पिडितको लागि बजेटको व्यवस्था हुनु पर्ने ।
- कृषि उत्पादनको लक्ष्य, रोजगारी, कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन आदिमा तोकिनु पर्ने ।
- बजेट कार्यान्वयन नीति आउनु पर्ने ।
- जनमुखी बजेट आउनु पर्ने । केन्द्रमुखी बजेटले गाउँको विकास हुन सक्दैन ।
- जनतामा आधारित कार्य हुनुपर्ने ।
- जनताले लाभ पाउने बजेट हुनुपर्ने ।
- डाक्टरलाई गाउँमा बस्ने वातावरण बनाउनु पर्ने ।
- बजेट बाँडफाँड समानुपातिक हुनुपर्ने ।
- बजेट चुनाव र नेता केन्द्रित हुन नहुने ।
- सहर केन्द्रित बजेट नभई गाउ केन्द्रित हुनु पर्ने ।
- अर्थतन्त्र बलियो बनाउने बजेट हुनुपर्ने ।
- नेपालको साधन श्रोत उपयोग गर्नुपर्ने ।
- सिँचाइको व्यवस्था बर्दियामा गर्नुपर्ने ।
- नाकाबन्दीले स्वाधिन र राष्ट्रिय अर्थतन्त्रको विकास गर्नुपर्ने सिकाएको छ ।
- कृषि, जलश्रोत र पर्यटनको विकास हुनु पर्दछ ।
- अहिले सरकारले अरु सरकारभन्दा फरक बाटो लिनुपर्ने, नयाँ सोच र जागर लाउनु पर्ने ।
- उत्तरका जिल्लाहरुलाइ Botanical जिल्ला बनाउनु पर्ने ।
- पहाडी जिल्लामा फलफुल र पशुपालनको विकास र तराई क्षेत्रमा रिङ रोड बनाउनु पर्ने ।
- एकिकृत बस्ती विकास गर्नुपर्ने ।
- खेती गर्ने ठाउँमा बस्ती बसाउन नहुने ।
- सामाजिक सुरक्षा भत्ता बढाउनु पर्ने ।
- बजेट कार्यान्वयन योग्य हुनु पर्ने ।
- बजेटको लक्ष्य पुरा हुनु पर्ने ।
- बजेटको दुरुपयोग रोक्नु पर्ने ।
- बजेट मात्र सक्ने काम रोकी अनुगमनलाई अर्थ समितिले प्रभावकारी अनुगमन गर्नुपर्ने ।
- निःशुल्क स्वास्थ्य र शिक्षाको व्यवस्था हुनु पर्ने ।
- सिँचाई र तटबन्धको लागि छुट्टै बजेटको व्यवस्था गर्नुपर्ने ।
- बजेटको खर्च प्रक्रियामा कमजोरी छ ।

- निकासा समयमा हुने व्यवस्था हुन पर्ने ।
- मुलक आत्मनिर्भर हुने बजेट बनाउनु पर्ने ।
- मध्य पश्चिमलाई विकास गर्ने खालको बजेट आउनु पर्ने ।
- तालको विकास गर्नुपर्ने ।
- पर्या-पर्यटनको विकास गर्नु पर्ने ।
- २० वर्षे कृषि रणनीतिलाई लागू गर्नुपर्ने ।
- खास खास योजनालाई लागू गर्नुपर्ने ।
- बजेटले आर्थिक अनुशासन कायम गर्नुपर्ने ।
- बजेटले परनिर्भरता हटाउनु पर्ने ।
- बर्दियाको सिमसारको विकास हुन पर्ने ।
- जिल्ला विकास समितिले बजेट कार्यान्वयन गर्नु पर्ने ।
- सामुदायिक गुरुबाबाँ: को विकास गर्न सरकारले विशेष आधारशिला दिनु पर्ने ।
- लोकतन्त्रलाई विकास गर्नुपर्ने ।
- संविधानलाई कार्यान्वयन गरी सबैको सहभागिता हुने बजेट आउनु पर्ने ।
- बर्दिया जिल्लाको केदारेश्वर धामलाई धार्मिक पर्यटनको रुपमा विकास गर्न सरकारले पर्याप्त बजेट उपलब्ध गराउनु पर्ने ।
- बर्दिया जिल्लाको राजापुर देखि सदरमुकाम गुलरियासम्मको ग्रयावल सडक लाई प्रमुखताका साथ कालोपत्रे गरियोस् ।
- बर्दिया जिल्ला क्षेत्र नं.४ मा रहेको पाताभार, गोला, पशुपतिनगर, मनाउ, खैरीचन्दनपुर गा.वि.स. र राजापुर नगरपालीकाको भूगोल लाई जोडेर बनेको रिङ्ग रोड प्रमुखताका साथ कालोपत्रे गरियोस् ।
- यस क्षेत्रमा एक हजार जना अट्ने क्षमतायुक्त सभाहलको निर्माण गरियोस् ।
- बर्दिया जिल्ला क्षेत्र नं. ४ मा थारु संग्राहलय तथा सूचना केन्द्र स्थापना गरियोस् ।
- राजापुर नगरपालीका वडा नं. - ५ र ७ को बीचमा बुढीकूलोमा पक्की पूल निर्माण गरियोस् ।
- पर्यटकीय हिसाबले प्रचुर सम्भावना बोकेको यस क्षेत्रलाई पर्यटकीय स्थलको रुपमा विकास गरी आवश्यक पूर्वाधारहरु निर्माण गरियोस् ।
- बाढी र नदी कटान बाट अति जोखिममा रहेको यस क्षेत्रको बासिन्दाहरुको जिऊधनको सुरक्षाको लागि तत्बन्धन तथा पक्की वाल निर्माणका लागि विशेष वजेत विनियोजन गरी कार्यक्रमलाई प्रभावकारी बनाइयोस् ।

६) निष्कर्ष तथा सुझाव

व्यवस्थापिका–संसद,अर्थ समितिले पूर्व बजेट सम्वन्धी कैलाली, दार्चुला र बर्दिया जिल्लामा भएको अन्तरक्रिया कार्यक्रममा समितिलाई दिइएको सुझावहरुलाई राष्ट्रिय योजना आयोगले आगामी योजनामा समावेश गर्न र नेपाल सरकार अर्थ मन्त्रालयले बजेटमा समावेश गरी कार्यान्वयन गर्नु पर्ने ।